## एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/६/११

**प्रस्तावनाः** कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा संलग्न अगुवा कृषक, व्यवसायी, कृषक समुह तथा कृषि सहकारीहरुलाई सिकाइ केन्द्रको रुपमा विकास गरी एग्री/लाइभस्टक ईपिसेन्टर कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

क. **"आवेदक"** भन्नाले एग्री/लाइभस्टक ईपिसेन्टरको रुपमा कार्य गर्न इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि तथा पशुपन्छी फर्मलाई सम्झनु पर्छ।

ख. **"उत्पादन सामाग्री"** भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नश्ल, भुरा, औषधि, खोप, विषादी, जैविक पदार्थ तथा हर्मोन, तरल नाइट्रोजन, कृषि चुन तथा रसायन, दाना, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण, लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत बुझ्नु पर्छ ।

ग. **"एग्री/लाइभस्टक ईपिसेन्टर"** भन्नाले कृषि विकासमा योगदान पुर्याईरहेका समुह, सहकारी तथा निजीस्तरमा सञ्चालित व्यवसायिक कृषि फार्महरुलाई सम्झनु पर्छ ।

घ. **"कृषि पूर्वाधार"** भन्नाले भन्नाले सार्वजनिक/सामुदायीक/निजी प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, दुध तथा खसिबोका संकलन केन्द्र, दुग्ध चिस्यान केन्द्र, माछा बजार, मत्स्य नर्सरी, ह्याचरी, दाना उद्योग, नर्सरी स्थापना, संरक्षित संरचना, सिचाई संरचना जस्ता कृषि उत्पादन, प्रशोधन र बजार सम्बन्धि विभिन्न पूर्वाधारलाई बुझ्नु पर्छ।

ङ. **"कार्यक्रम"** भन्नाले एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना तथा सञ्चालन कार्यक्रम सम्झनु पर्छ ।

च. **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

छ. **"प्रदेश"** प्रदेश भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

ज. **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

झ. "मूल्याङ्कन समिति" भन्नाले दफा ६ अनुसार गठित भएको समिति सम्झनु पर्छ ।

ञ. "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

ट. साझेदार" भन्नाले कार्यक्रममा छनौट भएका आवेदकलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. कार्यक्रम सञ्चालनः यो कार्यक्रम प्रदेशभर लागू हुनेछ।

४. सूचना प्रकाशनः (१) एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना कार्यक्रम संचालनको लागि निर्देशनालय/केन्द्रले २१ दिनको म्याद राखी अनुसूची- १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

५. प्रस्ताव दर्ताः आवेदकले अनुसूची-२ बमोजिमको निवेदनको साथ सोही अनुसूचीमा उल्लेखित कागजातहरु र अनुसूची-३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिम प्रतिवद्धता पत्र सम्बन्धित निर्देशनालय/केन्द्रमा तोकिएको अवधिभित्रै दर्ता गर्नुपर्नेछ ।

६. मूल्याङ्कन समितिः (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार छनौटको सिफारिस गर्न निर्देशनालय/केन्द्रमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क. प्रमुख वा निजले तोकेको अधिकृत, निर्देशनालय/केन्द्र | -संयोजक |
| ख. अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय/केन्द्र | -सदस्य |
| ग. योजना हेर्ने अधिकृत, निर्देशनालय/केन्द्र | -सदस्य |
| घ. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/केन्द्र | -सदस्य |
| ङ. प्रमुख, खरिद इकाई, निर्देशनालय/केन्द्र | -सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ ।

(४) आवेदकले अनुसूची-६ अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ । मापदण्ड नपुगेका आवेदकहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

७. <u>साझेदार छनौट र सम्झौताः</u> (१) निर्देशनालय/केन्द्रले छनौट भएको साझेदारलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

(२) छनौट भएका आवेदकले सम्झौताको लागि निर्देशनालय/केन्द्रमा सम्पर्क गर्नु पर्नेछ । साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(३) निर्देशनालय/केन्द्रले तोकेको समयावधी भित्र साझेदार सम्झौता गर्न नआएमा क्रमशः दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) साझेदारले सम्झौतामा उल्लेखित भएका प्रविधि, पूर्वाधार र क्षमता अभिवृद्धि लगायत क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

८. <u>इपिसेन्टर स्थापना र सञ्चालन</u>ः (१) साझेदारले सम्झौता बमोजिम एग्री/लाईभस्टक ईपिसेन्टर स्थापना गर्नपर्नेछ ।

(२) एग्री/लाईभस्टक ईपिसेन्टरमा भएका कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी क्रियाकलापहरु किसानले अनुशरण गर्नुपर्नेछ ।

## परिच्छेद -३

## आर्थिक पक्ष

९. <u>साझेदार रकमः</u> सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । पूजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ । प्रति लाभग्राही/आवेदक बढीमा २० लाख रकम उपलब्ध गराइनेछ ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(३) साझेदारले कार्यक्रम प्रस्ताव गर्दा बढीमा दश प्रतिशत बजेट लजिस्टिक/व्यवस्थापन स्वरुप खर्च गर्न सकिनेछ ।

(४) एग्री/लाईभस्टक ईपिसेन्टरमा एक जना कृषि/भेटेरीनरी सम्बन्धी प्राविधिक साझेदारले आफ्नै स्रोतवाट व्यवस्था गर्नुपर्नेछ ।

(५) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई प्राविधिक सिफारिसमा बढीमा तीन किस्तामा साझेदारको बैक खाता मार्फत भुक्तानी

मा.डा. राजेन्द्र मान श्रे
मन्त्री

गर्न सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत कार्य सम्पन्नको फोटो भए पश्चात मात्र भुक्तानी गरिनेछ।

## परिच्छेद -४

## अन्य व्यवस्था

१०. **दोहोरोपना नहुने:** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

११. **कारबाही सम्बन्धी व्यवस्था:** साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. **संशोधन:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१३. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित )

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : ..

निर्देशनालय/केन्द्र............को आर्थिक वर्ष.......को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना तथा सञ्चालन गर्न व्यवसायिक रुपमा कृषिमा आवद्ध कृषक समुह, कृषि सहकारी, कृषि तथा पशुपन्छी फर्मबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र......(सम्बन्धित कार्यालय) मा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. कृषक समुदायसँग कार्यक्रम तर्जुमा गर्दा बसेको बैठकको निर्णय प्रतिलिपि,
६. अनुसूची -३ अनुसारको प्रस्ताव,
७. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र
८. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
९. आवश्यक अन्य कागजात ।

पुनश्चः " एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" यस निर्देशनालय/केन्द्र,........ को वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची -२

(दफा [illegible] सँग सम्बन्धित )

## आवेदन

मिति : ......

श्रीमान प्रमुखज्यू,

....................।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस निर्देशनालय/केन्द्र.......को मिति ........ मा प्रकाशन गरिएको एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना तथा सञ्चालन कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

क. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

ख. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता

ग. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),

घ. कृषक समुदायसँग कार्यक्रम तर्जुमा गर्दा बसेको बैठकको निर्णय प्रतिलिपि,

ङ. अनुसूची -३ अनुसारको प्रस्ताव,

च. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र

छ. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

ज. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागी नेपाल सरकार/प्रदेश सरकार/ स्थानीय तह/अन्य संघ संस्थाबाट सोहि कामको लागी सहयोग लिए/नलिएको स्वघोषणा,

झ. आवश्यक अन्य कागजात ।

निवेदक

दस्तखतः

नाम थरः

पदः

सम्पर्क नः

मितिः

संस्थाको छाप

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची - ३
(दफा ... सँग सम्बन्धित )

प्रस्ताव

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण:

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईरटरको वा अध्यक्षको नाम: | |
| मोबाइल नं. | |
| कार्य क्षेत्र: | |
| अनुभव | |
| प्रस्तावित कार्यक्रमको कूल खर्च (यसमा प्रोत्साहन र साझेदारको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| माग गरेको कूल रकम रु. | |

२. आवेदकसँग हाल भईरहेको जनशक्ति विवरण

| क्र.स. | नाम थर | शैक्षिक योग्यता | कार्य अनुभव क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३. आवेदकले अन्तराष्ट्रिय/राष्ट्रिय स्तरवाट उत्कृष्ट कृषक/कृषि फर्मको पुरस्कार प्राप्त गरे/नगरेको(प्रमाण पेश गर्नुपर्ने):

| क्र.स. | पुरस्कारको नाम | पुरस्कार प्रदान गर्ने संस्था | बापत (कुन प्रयोजनको लागि पुरस्कार दिइएको) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४. आवेदकले प्राप्त गरेको अन्तराष्ट्रिय/राष्ट्रिय स्तरको तालिम विवरण (प्रमाण पेश गर्नुपर्ने)::

| क्र.स. | तालिमको नाम | तालिमको विषय | तालिम प्रदान गर्ने संस्था | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

५. लाभान्वित हुने कृषक घरधुरीः

| क.स. | कृषकको नाम थर | ठेगाना | हालको व्यवसाय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

६. प्रस्तावित क्रियाकलापहरुः

क. चालू र पूजिगत क्रियाकलापहरु खर्चको विवरणः

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमवाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख पूजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची –

(दफा ५ सँग सम्बन्धित)

## प्रतिबद्धता पत्र

............................को मिति..............................को सूचना अनुसार एग्री/लाइभस्टक ईपिसेन्टर स्थापना तथा सञ्चालन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>आवेदकको तर्फबाट</u>

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची-[illegible]

## (दफा ६ को उपदफा ३ सगँ सम्बन्धित)

## मुल्याङ्कनको आधार

पुर्णाङ्कः १००

उतीर्णङ्कः५०

| क.सं. | मूल्याङ्कनका आधारहरु | अंङ्क | कैफियत |
|---|---|---|---|
| (क) | आवेदकको सम्बन्धित क्षेत्रमा अनुभव | २० | आवेदकले प्रमाण पेश गर्ने |
| | १) १ वर्षसम्म | ५ | |
| | २) १ देखि ५ वर्षसम्म | १० | |
| | ३) ५ देखि १० वर्षसम्म | १५ | |
| | ४) १० वर्षभन्दा माथि | २० | |
| (ख) | आवेदकसँगको जनशक्ति विवरण | २० | आवेदकले प्रमाण पेश गर्ने |
| | १) कम्तीमा १ जना स्नातक सहित २ जना प्राविधिक | २० | |
| | २) कम्तीमा १ जना प्रमाणपत्र तह सहित १ जना प्राविधिक | १५ | |
| | ३) प्रमाणपत्र तहभन्दा कम १ जना | १० | |
| (ग) | लाभान्वित कृषक घरधुरी संख्या | २० | आवेदकले प्रमाण पेश गर्ने |
| | १) १५ सम्म | १२ | |
| | २) १६ देखि २५ सम्म | १५ | |
| | ३) २६ देखि ५० सम्म | १८ | |
| | ४) ५१ देखि माथि | २० | |
| (घ) | तालिम प्राप्त | २० | आवेदकले प्रमाण पेश गर्ने |
| | १) ७ दिन भन्दा बढी राष्ट्रिय तथा अन्तराट्रिय तालिम प्राप्त गरेको | २० | |
| | २) ७ दिन भन्दा कम राष्ट्रिय तथा अन्तराट्रिय तालिम प्राप्त गरेको | १८ | |
| | ३) ७ दिन भन्दा बढी स्थानिय/प्रदेशस्तरीय तालिम प्राप्त गरेको | १५ | |
| | ४) ७ दिन भन्दा कम स्थानिय/प्रदेशस्तरीय तालिम प्राप्त गरेको | १२ | |
| ङ) | पुरस्कार प्राप्त | १५ | आवेदकले प्रमाण पेश गर्ने |
| | १) राष्ट्रिय तथा अन्तराट्रिय स्तरको पुरस्कार प्राप्त भएमा | १५ | |
| | २) स्थानिय/प्रदेशस्तरीय पुरस्कार प्राप्त भएमा | १२ | |
| (च) | नविनतम क्रियाकलापहरु सञ्चालन भएको | ५ | प्रस्तावमा उल्लेख गर्नुपर्ने |
| | जम्मा | १०० | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची- ६

(दफा ६ को उपदफा ४ सगँ सम्बन्धित)

न्यूनतम मापदण्ड

क. खाद्यान्नबाली/दलहन/तेलहन/आलु/खुल्ला जमिनमा तरकारी/फलफुलको हकमा न्यूनतम १ हेक्टर/३० कठ्ठा/२० रोपनी क्षेत्रफलमा खेती भईरहेको,

ख. मसलाबालीको हकमा न्यूनतम ०.५ हेक्टर/१५ कठ्ठा/१० रोपनी क्षेत्रफलमा खेती भईरहेको,

ग. च्याउको लागि १००० के.जी वार्षिक उत्पादन,

घ. मौरीपालनको हकमा २६ वटा आधुनिक घारको प्रयोग भएको,

ङ. रेशम कोया उत्पादनको हकमा वार्षिक १००० के.जि उत्पादन भएको,

च. संरक्षित संरचनामा खेती हुने हकमा ३०० वर्ग मिटर भन्दा माथि खेती भइरहेको,

छ. प्राङ्गारिक खेतीको हकमा प्रमाणिकरण प्राप्त गरिरहेका,

ज. माछापालनको हकमा १ हेक्टर भन्दा माथि जलाशयमा माछापोखरी,

झ. गाईपालन/भैंसिपालनको हकमा ११ वटा भन्दा माथि दुधालु गाई/भैंसि पालन भएको,

ञ. बंगुरको हकमा कम्तिमा २६ वटा माउ बंगुर पालन भएको,

ट. बाख्रा/भेडा/च्याङ्राको हकमा ५१ वटा भन्दा माथि माउ बाख्रा/ भेडा/च्याङ्राको पालन भएको,

ठ. कुखुरापालनक हकमा ब्रोईलर २००१ भन्दा माथि र लेयर्स ५००१ भन्दा माथि,

ड. पन्छीपालनको हकमा टर्की/हास/कालिज २०१ संख्या भन्दा माथि,

ढ. ह्याचरीको हकमा ह्याचरी स्थापना गर्ने ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री